




“हे आत्माका पुत्र ! मेरो प्रथम उपदेश यो हो : पवित्र, दयालु र उज्ज्वल
हृदय धारण गर .... ।”




“न्यायको बाटोमा हिँड, किनकि यो निश्चय नै सिधा बाटो हो ।”



“हे मित्र ! तिम्रो हृदयको बगैंचामा प्रेमको गुलाफबाहेक अरू केही नरोप ..... ।



"सत्यता नै सबै मानविय गुणहरूको आधार हो ।"




“दान गर्नु र उदार हुनु मेरा गुणहरू हुन्: जसले आफूलाई मेरा गुणहरूले सुशोभित गर्छ उसको भलो हुन्छ।”



"ऊ धन्य छ जसले आफूलाई भन्दा बढी आफ्ना भाईलाई प्राथमिकता दिन्छ ।"



“हे मानवका पुत्र ! आफ्नो हृदयको प्रफुल्लतामा खुशीहोऊ, ताकि तिमी मलाई भेट्न र मेरो सुन्दरता प्रतिबिम्बिता गर्न योग्य बन्न सक्ने छौं ।”



"हामीले सदैव आफ्नो सच्चाइ र इमान्दारीता प्रकट गर्नु पर्छ ... ।"



"हे मानिसका पुत्र ! मेरो समक्ष तिमी आफूलाई समर्पण गर ता कि म तिमीलाई प्रशन्नता साथ दर्शन दिन सकूँ ।"



“खुसी होऊ र खूब प्रसन्न बन र ईश्वरलाई धन्यवाद अर्पण गर्न तत्पर होऊ ताकि धन्यवाद ज्ञापनले अनुग्रह बढाउन उपयोगी बनोस् ।”



"... क्षमा र दया अनि ईश्वरका प्रियः पात्रहरूका हृदयलाई प्रसन्न पार्ने गुणहरूद्वारा आफूलाई सुशोभित गराऊ ।"



"के मानिसहरू हो ! आफ्नो जिब्रोलाई सत्यताद्वारा सुसज्जित गर र आफ्नो आत्मालाई इमान्दारीताको गहनाहरूले सुशोभित गराऊ ।"



“ईश्वरको अधिराज्य निष्पक्षता र न्यायका साथसाथै सम्पूर्ण जीवित आत्माहरूप्रति कृपा, करुणा, र दयामा स्थापित छ।”



"ईश्वर प्रेम र उनीबाहेक सम्पूर्ण कुराहरूदेखि निर्लिप्त रहनुबाट तिम्रो सच्चा श्रृङ्गार बन्ने नै छ भन्ने कुरा बुझ ।"




“प्रभुले जे प्रदान गरे, त्यसलाई ग्रहण गर्नु र ईश्वरले जे तोकेका छन् त्यसमा सन्तुष्टि हुनु नै सम्पूर्ण गौरवको स्रोत हो ।”




“त्यो धन्य छ जो सबै मानिसहरूसँग परम दया र प्रेमको भावनाले मिसिन्छ ।”



“ईश्वरको वचनको प्रवर्धन गर्नु र उनको प्रेममा अडिग रहनु नै साहस र शक्तिको स्रोत हो ।”




"सधैँ आशावादी बन, किनभने मानवमाथि बहेको ईश्वरको अनुग्रह कहिल्यै रोकिंदैन ।"



“विश्वसनीयता त्यो महत्तम कपाट हो, जसले मानिसहरूलाई शान्ति र सुरक्षातर्फ डोऱ्याउँछ ।



“वस्तुतः तिम्रो हृदयमा उनको प्रेमको आगो प्रदीप्तगर्न म ईश्वरसँग याचना गर्दछु … ।”




"हे  जीवकापुत्र ! तिमी मेरो दीपक हौ र मेरो ज्योति तिमीमा नै छ। त्यसैबाट तिमी आफ्नो प्रकाश प्राप्त गर र म बाहेक अरूहरूलाई नखोज ... ।"



“त्यो निष्ठावान व्यक्ति खुशी छ जो उच्च प्रयत्नहरूका पहिरनहरू धारण गरेको छ र ईश्वरको धर्मको सेवा गर्न उठेको छ।”



"धैर्यको साथ सबै कुरा सहन गर्नेहरूको पुरस्कारलाई प्रभुले निश्चय नै बढाउने छन् ।"



“यदि तिमी आफ्नो प्रभुको धर्ममा दृढ रह्यौ भने तिम्रो स्थान अति उच्च हुनेछ ।”